प्रदेश सरकार
प्रदेश नं. ५
समाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
बुटवल

प.सं.: २०७५/०७६
च.नं.:

मिति : २०७५/१०/२०

**उच्च शिक्षामा अध्ययान गर्ने डोम ,मुसहर, चमार र अपांगता भएका विद्यार्थीको लागि छात्रवृतिसम्बन्धि जरुरी सूचना**

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बाट आ.व. २०७५/०७६ लागि यस निर्देशनालयलाई प्राप्त बजेट तथा कार्यक्रम अनुसार उच्च शिक्षामा अध्ययन गर्ने अपांगता भएका विद्यार्थीका लागि र सामुदायिक कलेजबाट प्रथम श्रेणीमा स्नातह तह तथा कक्षा १२ बाट प्रथम श्रेणीमा उत्तिर्ण गरी स्नातकोत्तर र स्नातक तहमा अध्ययनरत डोम, मुसहर र चमारका लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम रहेकोले छात्रवृत्ति लिन इच्छुक यस प्रदेश नं. ५ का विद्यार्थीबाट देहाय बमोजिमको निबेदन आव्हान गरिएको छ ।

अ. **छात्रवृत्तिको नाम : उच्च शिक्षामा अध्ययन गर्ने अपांगता भएका विद्यार्थीका लागि छात्रवुत्ति**

१. लक्षित समुह : उच्च शिक्षामा अध्ययन गर्ने अपांगता भएका विद्यार्थी ।
२. निवेदन आई पुग्ने अन्तिम मिति : २०७५ फाल्गुण २० गते सम्म ।
३. छात्रवृत्तिको राशी : अपांगताको प्रकृति अनुसार (कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५/०७६ अनुसार )
४. निवेदन दिने स्थानहरु : सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई वा शिक्षा विकास निर्देशनालय प्रदेश नं. ५ बुटवल
५. संलग्न हुनु पर्ने कागजातहरु :
  क. विद्यार्थीको निवेदन
  ख. आफुले अध्ययन गरेको कलेज /क्याम्पसमा नियमित अध्ययन गरीरहेको व्यहोरा खुल्ने सिफारीस, भर्ना भएको रसिद ।
  ग. अपांगताको प्रमाण पत्रको प्रतिलिपी र अपांगता देखिने गरी हालसालै खिचिएको फोटो
  घ. नेपाली नागरीकताको प्रमाण पत्र
  ङ. सम्बन्धित स्थानीय तहको सिफारीस
  छ. राष्ट्रिय बाणिज्य बैंक वा नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंक खाता खोली बैंकको नाम, ठेगाना र खाता नं.

आ. **उच्च शिक्षामा अध्ययन गर्ने डोम मुसहर र चमारविद्यार्थीका लागि छात्रवृत्ति**

१. लक्षित समुह : उच्च शिक्षामा अध्ययन गर्ने सामुदायिक कलेजबाट प्रथम श्रेणीमा स्नातह तह उत्तिर्ण तथा कक्षा १२ बाट प्रथम श्रेणीमा उत्तिर्ण गरी स्नात्तोकोक्त र स्नातक तहमा अध्ययनरत डोम मुसहर र चमारका सन्ततिहरु
२. निवेदन आई पुग्ने अन्तिम मिति : २०७५ पालगुण २० गते सम्म

निर्देशक

३. छात्रवृत्तिको राशी : प्रति विद्यार्थी प्रति महिना २५००। (दुई हजार पाँच सय)
४. निवेदन गर्ने स्थानहरु सम्बन्ति शिक्षा विकास तथा समन्वय इकाई वा शिक्षा विकास निर्देशनालय प्रदेश नं.५ बुटवल
५. संलग्न हुनु पर्ने कागजातहरु :
   क. विद्यार्थीको निवेदन
   ख. आफुले अध्ययन गरेको कलेज /क्याम्पसमा नियमित अध्ययन गरीरहेको व्यहोरा खुल्ने सिफारीस, भर्ना भएको रसिद ।
   ग. आफुले प्राप्त गरेको लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपी ।
   घ. नेपाली नागरीकताको प्रमाण पत्र ।
   ङ. सम्बन्धित स्थानीय तहको सिफारीस ।
   च. विद्यार्थीको व्यक्तिगत विवरण (Bio Data)
   छ. राष्ट्रिय बाणिज्य बैंक वा नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंक खाता खोली बैंकको नाम, ठेगाना र खाता नं.

पुनश्च :
सबै स्थानीय तहले उल्लेखित सूचना सबै सरोकारवालाहरुमा उपलब्ध गराई आवश्यक सहजीकरण गरीदिनु हुन र १२ वटै शिक्षा तथा समन्वय ईकाईहरुले सरोकारवालाहरुलाई यस सम्बन्धि जानकारी गराई दिनुहुनका साथै कार्यालयका एक जना कर्मचारीलाई जिम्मेवारी दिई माग अनुसारका निवेदन रुजु तथा संङकलन गरी २०७५।११।२५ गते सम्म सिफारीस सहित यस निर्देशनालयमा पठाउने व्यवस्था मिलाउन हुन समेत यसै सूचनाद्धारा अनुरोध गरीन्छ । अन्य जानकारीको लागि यस निर्देशनालयमा सिधै उपस्थित हुन वा फोन सम्पर्क गर्न सकिने छ । तोकिएको समय भन्दा पछि पेश भएका निवेदन उपर कुनै कार्यवाही नहुने समेत यसैसाथ जानकारी गराईन्छ ।

जीतबहादुर शाह
निर्देशक

निर्देशक